स्थानः बैठक कक्ष
समयः बिहान ८.०० बजे

आज मिति २०८१/०९/१९ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मिश्रा आचार्य अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

**आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या ०८**

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री मिश्रा आचार्य | |
| २. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ३. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ४. | सदस्य | श्री जम्शेर मियाँ | |
| ५. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ६. | सदस्य | श्री ऋषव अधिकारी | |
| ७. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ८. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| ९. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| १०. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| ११. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १२. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १३. | सदस्य | श्री नारायण खड्का | |
| १४. | सदस्य | श्री सीता बस्नेत | |
| १५. | सदस्य | श्री लिला भुसाल | |
| १६. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १७. | सदस्य | श्री शारदा परियार | |
| १८. | सदस्य | श्री मान बहादुर सुनार | |
| १९. | सदस्य | श्री सुरज वि.क. | |
| २०. | सदस्य | श्री बसन्त नेपाली | |
| २१. | सचिव | श्री खिमानन्द भुसाल | |

मितिः २०८१/०९/१९

आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या ८

**बैठकका प्रस्तावहरू**

छैटौं अर्घाखाँची कृषि एवम् पर्यटन तथा औद्योगिक मेला/महोत्सव सञ्चालन अनुमति सम्बन्धमा।

निर्माणाधिन वडा कार्यालय सम्बन्धमा ।

निर्णयहरू

८.१ अर्घाखाँची उद्योग वाणिज्य संघ आयोजक भइ मेला सञ्चालनका लागि अनुमति माग भइ आएको विषयमा उद्योग वाणिज्य संघ अर्घाखाँचीको आयोजनामा आयोजित जिल्ला स्थित क्रियाशिल राजनीतिक दल र सरोकारवाला समेतको उपस्थितिमा रहेको निर्णय, नगरपालिकाको ७ औ कार्यपालिका बैठक भएको छलफल तथा निर्णय र मिति २०८१ साल पुस १५ गतेका दिन मेला सञ्चालनका सन्दर्भमा अनुमति माग गर्ने आयोजक सहित अन्य सरोकारवाला व्यापारीक संघ/संस्थासँग बसेको समन्वयात्मक बैठक समेतका विषयहरूमा व्यापक छलफल भयो। सो सम्बन्धमा श्री उद्योग वाणिज्य संघ अर्घाखाँचीले देहायका सर्तहरूको पालना गर्ने गरी मिति २०८१ साल पुस २९ देखि २०८१ साल माघ १३ गते सम्म आयोजकले माग गरेको स्थानमा छैटौ अर्घाखाँची कृषि एवम् पर्यटन तथा औद्योगिक महोत्सव, २०८१ सञ्चालन गर्ने गरी अनुमति दिने ।

देहायः-

सन्धिखर्क नगरपालिका वडा नं १ कुँडुले क्षेत्रमा उद्योग वाणिज्य संघ अर्घाखाँची आयोजक भइ मिति२०८१/०९/२९ देखि २०८१/१०/१२ सम्म सञ्चालन हुने अर्घाखाँची कृषि एवम् पर्यटन औद्यौगिक महोत्सव, २०८१ आयोजना गर्ने सम्बन्धमा सन्धिखर्क नगरपालिका (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र अर्घाखाँची उद्योग वाणिज्य संघ (जसलाई यस पछि दोश्रो भनिने) का बिचमा निम्न सर्तहरूको अधिनमा यो सम्झौता गरी दुवै पक्षले एक/एक प्रति बुझी लियौं/दियौं। प्रथम पक्ष र दोश्रो पक्षका बिच सम्झौता पत्रमा हस्ताक्षर भए पश्चात् यो सहमति पत्र लागु हनेछ।

<u>तपसिल</u>

१. प्रथम पक्षले दोश्रो पक्षलाई औद्योगिक महोत्सव सञ्चालनका लागि आवश्यक सल्लाह, सुझाव, समन्वय र सहजीकरण गर्नेछ।
२. प्रथम पक्षले औद्योगिक महोत्सव सञ्चालन अवधिभर सो क्षेत्रमा अनुगमन निरीक्षण गरी आवश्यकता अनुसार दोश्रो पक्षलाई लिखित वा मौखिक रूपमा निर्देशन दिने र सो निर्देशन दोश्रो पक्षले पालना गर्नु पर्नेछ।
३. दोश्रो पक्षले नगद, जिन्सी वा सम्पत्ति हार्ने एवम् जित्ने गरी कुनै किसिमको जुवा बाजीसँग सम्बन्धित कुनै पनि क्रियाकलाप गर्न / गराउन पाउने छैन।
४. दोश्रो पक्षले महोत्सव क्षेत्रमा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पूर्ण रूपमा रोक लगाउनु पर्नेछ।
५. दोश्रो पक्षले महोत्सव क्षेत्रमा अखाद्यवस्तु/अखाद्य पेय पदार्थ बेचबिखन गर्न गराउन पाउने छैन।
६. दोश्रो पक्षले विहान ९.०० बजे देखि बेलुका ५.३० बजेसम्म मात्र महोत्सव सञ्चालन गर्नु पर्नेछ ।



CS CamScanner

७. दोश्रो पक्षले प्रवेश शुल्कमा वि[illegible]ार्थीहरूलाई ५० प्रतिशत छुट दिनु पर्नेछ । अपाङ्गता/फरक क्षमता भएका र ६८ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरूलाई तोकिएको शुल्कमा शतप्रतिशत छुट गरी महोत्सव अवलोकन गर्न दिनु पर्नेछ।

८. दोश्रो पक्षले महोत्सव अवधि भरमा हुन सक्ने जोखिमलाई व्यवस्थापन गर्न दुर्घटना बिमा गर्नु पर्नेछ ।

९. जग्गा व्यवस्थापनका सन्दर्भमा गर्नुपर्ने सम्पूर्ण कार्य एवम् जिम्मेवारी र सो सँग सम्वन्धित श्रृजित खर्चहरू दोश्रो पक्षको अनिवार्य दायित्वमा हुने र सो सम्बन्धमा प्रथम पक्षको तर्फबाट कुनै पनि दायित्व वहन हुने छैन।

१०. दोश्रो पक्षले महोत्सव भित्र सञ्चालन हुने कृषि उद्यमीको लागि स्टल उपलब्ध गराउदा स्थानीय कृषि उद्यमीलाई तोकिएको शुल्कमा ५० प्रतिशत बिटौरी शुल्कमा छुट गर्न सक्नेछ। तर प्रथम पक्षसँग सो मा छुट गरेको भनी प्रतिस्टल प्रतिदिन तोकिएको बहाल बिटौरी शुल्कमा छुट दावी गर्न पाउने छैन ।

११. मेला / महोत्सवमा फोहरमैला व्यवस्थापन अखाद्यवस्तुको नियन्त्रण लगायतका विषयहरूको व्यवस्थापन गर्ने दायित्व दोश्रो पक्षको हुनेछ । स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थय उपचार, एम्बुलेन्स, दमकल लगायतका विषयमा आवश्यक व्यवस्था दोश्रो पक्षले मिलाउने र आवश्यक समन्वय प्रथम पक्षले गर्ने।

१२. दोश्रो पक्षले महोत्सव स्थलभित्र लाग्ने स्टलहरूमा राखिने पसलहरूमा सम्बन्धित उद्योग/वाणिज्य दर्ता प्रमाणपत्र र स्थायी/अस्थायी लेखा नम्बर लिएका फर्मलाई मात्र स्टल उपलब्ध गराउनु पर्नेछ ।

१३. दोश्रो पक्षले महोत्सव स्थल भित्र उत्पादन हुने फोहर सङ्कलन स्थान तोकी सङ्कलन गरी राख्नु पर्नेछ । यसरी सङ्कलित फोहरलाई उचित स्थानमा प्रथम पक्षले व्यवस्थापन गर्नेछ ।

१४. दोश्रो पक्षले प्रथम पक्षको तर्फबाट हुने अनुगमनका क्रममा अनुगमन समितिले दिएको सुझाव अनिवार्य रूपमा कार्यान्वियन गर्नु पर्नेछ। दोश्रो पक्षले प्रथम पक्षले दिएको निर्देशन पालना गर्नु अनिवार्य कर्तव्य हुनेछ।यसमा दोश्रो पक्षको तर्फबाट कुनै उजुरी वा दावी रहने छैन ।

१५. दोश्रो पक्षले मेला अवधिभर अर्घाखाँचीका नमुना उद्यमीहरू छनोट गरी प्रशंसापत्र सहित सम्मान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६. दोश्रो पक्षले प्रथम पक्षलाई सन्धिखर्क नगरपालिकाको आर्थिक ऐनमा रहेको व्यवस्था बमोजिम प्रतिस्टल प्रतिदिन रू १५०। का दरंले बहाल बिटौरी शुल्क उपलब्ध गराउने सुनिश्चित गर्नु पर्नेछ । बहाल बिटौरी शुल्क सङ्कलनका लागि प्रथम पक्षको कार्यालयबाट आवश्यक कर्मचारी खटाइ सङ्कलन गर्ने व्यवस्था मिलाइने छ । यसरी खटाइएका कर्मचारीहरूलाई आवश्यक सहजिकरण र सहयोग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।साथै प्रवेश शुल्क वापत सङ्कलन गरिएको रकम प्रथम पक्षको आर्थिक ऐनको दफा १० को अनुसूची ११ मा रहेको व्यवस्था बमोजिम सङ्कलित रकमको २० प्रतिशत रकम नगरपालिकामा दाखिला गर्नु पर्नेछ । प्रथम पक्षको कार्यालयको धरौटी खातामा रू ३ (तिन लाख) धरौटी वापत यो सम्झौताका बखत रकम दाखिला गर्नु पर्नेछ ।

१७. दोश्रो पक्षले मनोरञ्जन वापत लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ४ अनुसूची ३ को ५ मा रहेको व्यवस्था बमोजिम सर्कस, खेल, मेला, जादु, चटके वा विभिन्न प्रदर्शनीमा टिकट व्यवस्था भएकोमा टिकटको मूल्यको ५ प्रतिशत् र टिकटको व्यवस्था



CamScanner

नभएकोमा आर्थिक ऐनमा उल्लेख भएको रू ४००००।(चालिस हजार) रकम नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

१८. मेला महोत्सव समापन भएको ७ दिन भित्र प्रकरण नम्बर १७ बमोजिमको उक्त रकम प्रथम पक्षको राजस्व खातामा जम्मा गर्नु पर्नेछ । प्रवेश शुल्क/मनोरञ्जन कर वापत काटिएका रसिदहरू प्रथम पक्षको रोहवरमा रूजु गरिनेछ । टिकट वापतको रकम दोश्रो पक्षबाट दाखिला नगरेमा प्रथम पक्षले धरौटी वापतको रकमबाट कट्टा गरिनेछ ।

१९. प्रकरण नम्बर १७ र १८ को प्रयोजनका लागि दोश्रो पक्षले रसिद छपाइ गरी प्रथम पक्षको कार्यालयबाट प्रमाणित गराइ कार्यालयको छाप लगाई मात्र प्रयोग गर्नु पर्नेछ । प्रयोग भइ सकेको र प्रयोग हुन बाँकी टिकटहरूको विवरण तयार गरी प्रथम पक्षबाट प्रमाणित गराइ राख्नु पर्नेछ । प्रयोग भइसकेका टिकटहरूको अर्धकट्टी र प्रमाणिकरण भई बाँकी रहेका टिकटहरू प्रथम पक्षको कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२०. दोश्रो पक्षको तर्फबाट मेला अवधिमा लाग्ने स्टलमा राखिने खाजा/खानाका परिकारहरूमा रैथाने प्रकृतिका परिकारहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

२१. दोश्रो पक्षले मेलामा राखिने स्टलहरूमा स्थानीय व्यवसायीलाई निश्चित् स्टल छुट्याउनु पर्नेछ।

२२. दोश्रो पक्षले स्थानीय कला सँस्कृतिको जर्गेनाका लागि स्थानीय कला सँस्कृति झल्कने गरी मेला अवधिमा गित सङ्गित तथा झाँकीहरू प्रदर्शन गर्नु पर्नेछ ।

२३. प्रथम पक्षले महोत्सवलाई व्यवस्थित र प्रभावकारी बनाउन दोश्रो पक्षसँग आवश्यक समन्वय र सहजिकरणका लागि प्रथम पक्षबाट एक अनुगमन समिति रहनेछ । अनुगमन समितिको सुझाब र निर्देशन दोश्रो पक्षले अनिवार्य रूपमा अनुसरण गर्नु पर्नेछ ।

२४. दोश्रो पक्षको तर्फबाट महोत्सवलाई व्यवस्थित र मर्यादित बनाइ सञ्चालन गर्ने विषयमा आवश्यक आचारसंहिता तर्जुमा गरी मेला/ महोत्सव व्यवस्थित गर्नुपर्नेछ ।

२५. दोश्रो पक्षले आवश्यकता अनुसार महोत्सव क्षेत्रमा अस्थाइ रूपमा खानेपानी/सार्वजनिक शौचालय/जेष्ठ नागरिक, अपाङ्ग मैत्री र बालमैत्री बनाई अस्थायी प्रबन्ध मिलाउनु पर्नेछ।उल्लिखित कार्य गर्दा श्रृजना हुने आर्थिक दायित्व दोश्रो पक्षले वहन गर्नु पर्नेछ।

२६. यस सम्झौता र आवश्यकता अनुसार सन्धिखर्क नगरपालिकाबाट महोत्सवका आधारभुत विषयहरूका सम्बन्धमा निर्देशनको पालना नगरी कार्य गरे गराएमा सोको जिम्मेवार स्वयम दोश्रो पक्ष हुनेछ ।

२७. दोश्रो पक्षले जारी गर्ने प्रवेश शुल्क वापतका टिकटहरू प्रथम पक्षबाट प्रमाणिकरण हुनेछ।टिकटको प्रत्येक ठेलीमा दोश्रो पक्षबाट तोकिएको प्रतिनिधिको दस्तखत र छाप लगाई मात्र प्रयोग गर्नु पर्नेछ ।

२८. दोश्रो पक्षले प्रचलित कानुन बमोजिम रोक लगाइएका विषयहरु सञ्चालन गर्न पाइने छैन ।

२९. महोत्सव सञ्चालन अवधिमा कुनै द्वविधा उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा समाधान एवम् सहजीकरण गरिने र सो हुन नसकेमा प्रथम पक्षले गरेको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

३०. दोश्रो पक्षले मेला महोत्सव सकिएको एक महिना भित्र सरोकारवालाहरूलाई राखी मेलाको विषयमा सार्वजनिक सुनुवांइ कार्यक्रम मार्फत आम्दानी खर्च सार्वजनिक गर्नु पर्नेछ ।

३१. दोश्रो पक्षले प्रवेश शुल्क लिने क्रममा २०७९ सालमा लिएको दरमा बढीमा १५ प्रतिशतमा नबढ्ने गरी शुल्क लिने व्यवस्था मिलाउने ।



CS CamScanner

३२. मेला महोत्सव भित्र दोश्रो पक्षबाट निर्माण हुने स्टलहरूको दररेट दोश्रो पक्षले २०७९ सालमा लिएको दररेटमा बढीमा १० प्रतिशतमा नबढने गरी दररेट कायम गर्न सक्ने ।

१. बाह्य व्यापारीको लागि स्टल उपलब्ध गराउदा १० प्रतिशत सम्म ।

२. स्थानीय व्यापारीको लागि स्टल उपलब्ध गराउदा ७ प्रतिशत सम्म ।

३३. दोश्रो पक्षले उद्योगी व्यवसायीहरूसँग आवश्यक समन्वय र सहजीकरण गरी मेला महोत्सवका गतिविधि सञ्चालन र सम्पन्न गर्नुपर्नेछ ।

३४. दोश्रो पक्षले मेला/ महोत्सव स्थलमा अर्घाखाँची जिल्लाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरूको डिजिटल बोर्ड राखी अर्घाखाँची जिल्लाको व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उल्लिखित कार्य गर्दा लाग्ने सम्पूर्ण खर्च दोश्रो पक्षले बेहोर्नु पर्नेछ । यसमा प्रथम पक्षको तर्फबाट कुनै लागत साझेदारी गरिने छैन साथै महोत्सव समापन पछि उल्लेखित होडिङ डिजिटल बोर्ड सन्धिखर्क नगरपालिकाको वडा नम्बर ६ स्थित नरपानी पिक्निक स्थलमा दोस्रो पक्षले नै जडान गर्नुपर्नेछ। जडान भएको बोर्ड सोही दिनदेखि नगरपालिकाको सम्पत्ति हुने र सोको संरक्षण गर्ने सम्पूर्ण जिम्मेवारी नगरपालिकाको हुनेछ ।उल्लिखित बोर्डको साइज/गुणस्तर सन्धिखर्क नगरपालिकाबाट शान्ति बगैचामा जडित साइज र गुणस्तरमा नघट्ने गरी दोश्रो पक्षले व्यवस्थापन गर्नुपर्नेछ ।

३५. मेला महोत्सव अवधिमा शान्ती सुरक्षासँग जोडिएका विषयहरू स्थानीय प्रशासनसँग आवश्यक समन्वय गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

३६. यस सम्झौतापत्रमा उल्लिखित सर्तनामाहरु यसै सम्झौता पत्रमा उल्लेख भए बमोजिम लागु हुने र अन्य छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानुन बमोजिम हुने विषयमा दोश्रो पक्षको तर्फबाट कुनै गुनासो तथा उजुरी रहने छैन ।यसमा प्रथम पक्षको निर्णय अन्तिम र मान्य हुनेछ ।

८.१.२ छैटौं अर्घाखाँची कृषि एवम् पर्यटन तथा औद्योगिक मेला/महोत्सव लाइ व्यवस्थित र मर्यादित बनाउन नगरपालिकाको तर्फबाट सन्धिखर्क नगरपालिकाका कार्यबाहक नगर प्रमुख श्री मिश्रा आचार्यको संयोजकत्वमा देहायका पदाधिकारीहरू रहने गरी अनुगमन समिति गठन गर्ने।

तपसिल

१. संयोजक श्री मिश्रा आचार्य कार्यबाहक नगर प्रमुख,
२. सदस्य श्री खिमानन्द भुसाल प्रमुख प्रशासकीय अधिकृत,
३. सदस्य श्री माधव श्रेष्ठ वडा अध्यक्ष वडा नं १,
४. सदस्य श्री मोतिजङ्ग रायमाझी वडा अध्यक्ष वडा नं २,
५. सदस्य श्री जम्शेर मियाँ वडा अध्यक्ष वडा नं ३,
६. सदस्य श्री श्रीधर महत्रा क्षेत्री वडा अध्यक्ष वडा नं ६,
७. सदस्य श्री सूरज वि.क कार्यपालिका सदस्य ,
८. सदस्य श्री मुक्तिराम खनाल राजस्व शाखा प्रमुख ,
९. सदस्य-सचिव श्री मञ्जु खनाल शाखा अधिकृत।

८.२ सन्धिखर्क नगरपालिकाका हाल निर्माणाधिन वडा कार्यालय भवनहरूमा बैठक कक्ष साँगुरो देखिएको हुँदा पूर्व स्वीकृत डिजाइनमा भवनको मुख्य संरचनामा असर नपर्ने र नगरपालिकालाई थप आर्थिक दायित्व श्रृजना नहुने गरी सम्भव भएसम्म प्राविधिकको परामर्शमा निर्माणाधिन वडा कार्यालयको बैठक कक्ष फराकिलो हुने गरी निर्माण कार्य गर्ने ।

४